# आरुघाट गाउँपालिकाको गाउँसभाको

# १९ औं अधिवेशनमा

# आरुघाट गाउँपालिकाका अध्यक्ष

# श्री राजु गुरुङद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८३/०८४ को

# नीति तथा कार्यक्रम


**आरुघाट गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**आरुघाट, गोरखा**



**२०८३ असार ९**

सम्मानित १९ औं गाउँसभामा उपस्थित,

आरुघाट गाउँपालिकाका उपाध्यक्षज्यू,

वडा अध्यक्षज्यूहरु,

गाउँ कार्यपालिकाका सदस्यज्युहरु,

सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु,

गाउँसभाका सचिवज्यू,

गाउँपालिकाका कर्मचारीहरु, नागरिक समाज, पत्रकार, सुरक्षाकर्मीहरु, बुद्धिजीवी एवम् यस गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरु,

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए वमोजिम गाउँ कार्यपालिकाको तर्फबाट आर्थिक वर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम आरुघाट गाउँपालिकाको यस १९ औं गाउँसभामा पेश गर्न पाउँदा आफुलाई गौरवान्वित ठानेको छु । यस स्वर्णिम अवसरमा राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपुर्ण इतिहासलाई स्मरण एवंम् शहिदहरु तथा बेपत्ता, घाइते र पीडित नागरिकहरुलाई उच्च सम्मानभाव व्यक्त गर्दै सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, साथै सुशासन र अग्रगमनका लागि पछिल्लो परिवर्तनकारी आन्दोलनमा नव-यूवाहरुले गरेको त्याग र समर्पण स्मरण गर्दै उक्त आन्दोलनमा ज्यान गुमाउने आन्दोलनकारी सहिद नवयुवाहरु र सुरक्षाकर्मी प्रति यस गाउँसभाको तर्फवाट विशेष सम्मान व्यक्त गर्दछु। जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था जस्तो महत्तम शासन व्यवस्था सहितको अग्रगामी परिवर्तन ल्याउन भौतिक अभौतिक, प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा योगदान गर्नुहुने सम्पूर्ण आम नागरिक, राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत, लेखक, विद्यार्थी, शिक्षक, कर्मचारी, कुटनीतिक नियोग, गैर सरकारी संघ संस्था र अन्तर्राष्ट्रिय समुदाय समेतलाई यो अवसरमा उहाँहरुको योगदानको उच्च कदर गर्दै हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।

संघात्मक शासन व्यवस्था सहितको राज्यको पुनर्संरचना पश्चात संविधानतः गठित स्थानीय सरकारको दोस्रो कार्यकालको अन्तिम आर्थिक वर्षमा हामी रहेका छौ । यस अवधिमा नेपालको संविधानको अनुसूची-८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची भित्र रहेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि संविधानको मर्म र भावना अनुरूप नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षालाई पूरा गर्न आरुघाट गाउँपालिकाले आफ्नो राजनीतिक, आर्थिक, सामाजिक, न्यायिक र प्रशासनिक कार्यहरु प्रभावकारी तवरले सञ्चालन गर्दै आइरहेकै छ।

आम नागरिकको संलग्नतामा नागरिकको माग र आवाजलाई संवोधन गर्दै जनताको हित र लोककल्याणकारी व्यवस्था मार्फत शासकीय सन्तुष्टि प्रदान गर्नु, जनताका साना देखी ठुला समस्याहरुको प्रत्यक्ष समाधान खोज्नु, स्थानीय नेतृत्वको विकास गर्दै सामाजिक साँस्कृतिक रुपान्तरणमा टेवा पुर्याउनु, स्थानीय रुपमा उपलव्ध स्रोत साधनको समुचित परिचालन गर्दै रोजगारी सिर्जना गर्ने र आम नागरिकको जिविकोपार्जनमा अपेक्षित सुधार ल्याउने गरी स्थानीय सरकारले काम गर्नु पर्ने हाम्रो शासकीय जिम्मेवारी रहेको छ । उक्त शासकीय जिम्मेवारीलाई मिहिन ढङ्गले बुझेको निर्वाचित जनप्रतिनिधिको टीमले सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई आत्मसाथ गर्दै संघीय सरकार, प्रदेश सरकार संगको समन्वय, सहयोग, साथै विकासका अन्य साँझेदारहरुसंगको साँझेदारी र सहकार्यमा उपलव्ध प्रशासनिक संयन्त्रको कुशलतम परिचालन गर्दै जनहितलाई केन्द्रविन्दुमा राखेर काम गरिरहेको र भइरहेको व्यहोरा यस सम्मानित सभा मार्फत आम आरुघाट गाउँपालिकावासी नागरिक लाई अवगत गराउन चाहान्छु। यस बीचमा आर्थिक सामाजिक विकासको क्षेत्रमा जनताले महसुस गर्न सक्ने गरी विकासका प्रयासहरु

नभएका होइनन् । स्थानीय सरकारले सांगठनिक सक्षमता हाँसिल गरि नसकेको, कानूनी तथा सस्थागत संयन्त्रको कमि, वित्तीय श्रोतको न्यून उपलव्धता, महत्वकांक्षी आकांक्षा लगायतका अवस्था र कारणले जनअपेक्षा अनुकूल कामहरु हुन नसकेको वास्तविकतालाई हामीले स्वीकार्नै पर्छ । सुशासनका खातिर शुन्य सहनशीलता अपनाई यस गाउँपालिकालाई मितव्ययिता र सुशासनको दृष्टिले समेत अव्वल गाउँपालिकाको रुपमा परिचित गराउन सफल भएका छौं । वर्तमान सन्दर्भमा स्थानीय तहको संस्थागत सवलीकरण तथा सुदृढीकरणमा सकारात्मकता देखिएको, स्रोत परिचालनमा सक्षमता हाँसिल भएको, आवश्यक कानूनहरुको वन्दोवस्त हुँदै गएको, अनुभवी र व्यावसायिक कर्मचारी संयन्त्र, कुशल नेतृत्व र असल सोच सहितको प्रतिवद्ध र उर्जाशील जनप्रतिनिधिको समूह, जनचेतनामा आएको अभिवृद्धिका नागरिक जागरणमा आएको परिवर्तन साथै दुर्तर सूचना प्रविधिको विकास र यसको प्रयोगले गर्दा अवका दिनहरुमा सिमित स्रोतको उच्चतम् परिचालन मार्फत जनताको ईच्छा, चाहना र आधारभूत आवश्यकताहरुलाई पूरा गर्न आरुघाट गाउँपालिका सक्षम र प्रतिवद्ध रहेको व्यहोरा समेत यस सम्मानित सभामा प्रस्तुत गर्न चाहान्छु ।

**सभाका सदस्यहरु**

हालै सम्पन्न मिति २०८२ फागुन २१ गते निर्वाचनको परिणामले एउटा स्पष्ट सन्देश दिएको छ कि जनताले, बिशेष गरी युवा पुस्ताले, परिवर्तन, पारदर्शिता, जवाफदेहिता र परिणाममुखी शासनको अपेक्षा गरेका छन । यो सकारात्मक चेतना हो, जसले संघीय लोकतान्त्रिक गणतन्त्रलाई थप बलियो बनाउने छ । वर्तमान राजनीतिक परिवेशले हामीलाई एउटा स्पष्ट सन्देश दिएको छ कि जनताले स्थायित्व, सुशासन, सामाजिक न्याय, पारदर्शिता र परिणाममुखी नेतृत्वको अपेक्षा गरेका छन । राजनीतिक प्रतिस्पर्धा स्वभाविक भएपनी विकासका सवालमा एकता, सहकार्य र सहमती आजको प्रमुख आवश्यकता बनेको छ । स्थानिय सरकार जनताको सबैभन्दा नजिकको सरकार भएकाले यहाँको कार्यसम्पादनले नै लोकतन्त्रप्रतिको बिश्वासलाई बलियो वा कमजोर बनाउने गर्दछ । आजको आवश्यकता केवल नीति बनाउनु होईन, त्यसको प्रभावकारी कार्यन्वयन हो । जनताले भाषण भन्दा परिणाम खोजिरहेका छन । सिमित स्रोत र बढ्दो अपेक्षा बिच सन्तुलन कायम गदै दिगो विकास हासिल गर्नु हाम्रो मुख्य चुनौती हो । हामी जनप्रतिनिधिहरुले अब परम्परागत शैलीबाट मात्र नभई नविन सोच, प्रविधिमैत्री प्रणाली र उत्तरदायी कार्यशैलीबाट जनविश्वास जित्नुपर्छ ।

सभाका सदस्यहरु,

हाम्रो आरुघाट गाउँपालिका प्राकृतिक स्रोत, विभिन्न धार्मिक, पर्यटकीय स्थल, कला तथा सास्कृतिक विविधता र अपार सम्भावनाले भरिपुर्ण क्षेत्र हो । तथापि भौगोलिक बिकटता, सिमित स्रोत साधन, रोजगारीको अभाव, शिक्षा, स्वास्थ्य र सूचना प्रविधिमैत्री प्रणली सेवामा अझै सुधारको आवश्यकता जस्ता चुनौहतीरु विद्यमान छन । यी चुनौतीहरुलाई अवसरमा परिणत गर्दै समृद्ध, समावेशी र दिगो विकासको मार्गमा अघि बढ्नु हाम्रो साझा दायित्व हो । सुशासन सामाजिक न्याय र समृद्धिको महान संकल्प गरेर अग्रगमनको यात्रामा रहेका हामीलाई आरुघाट गाउँपालिकावासिले अनुभुत गर्न सक्ने विकास र सुशासनको गन्तव्यमा नपुऱ्याई रोकिने छुट छैन । हामी निर्वाचित भएपछी गरेका विकासका थुप्रै कामहरुले नागरिकका जीवनमा अनुभुतियोग्य परिवर्तनहरु भएको महसुस गरेका छौं । सिमित स्रोत साधनको कुशलतम परिचालनबाट नागरिकका असिमित आकांक्षा पुरा गर्न बजेटलाई प्राथमिकिकरणका साथै समन्यायीक विकासको अवधारणालाई आत्मसाथ गरी विनियोजन गर्नुपर्दा एकैपटक नागरिकका सबै माग पुरा गर्न सम्भव हुन सक्दैन । त्यसका बावजुद पनि जनताको जीवनस्तर उकास्ने, आम्दानी र रोजगार बढ्ने, स्थानीय स्रोत, साधन, सिपको उपयोग हुने, उत्पादनमुलक र छिटो प्रतिफल दिन सक्ने नीति लिनु पर्दछ ।

स्थानीय तहलाई संविधानतः राजनीतिक, आर्थिक र प्रशासनिक अधिकार निक्षेपण गरिएको अवस्थामा निर्वाचन पश्चात गठित राजनीतिक संरचनाले प्राप्त राजनीतिक अधिकारको निर्वाध प्रयोग र अभ्यास गरिरहेको भएतापनि वित्तीय संघीयता र प्रशासनिक संघीयताको पाटो भने पेचिलो बन्दै गएको छ र संघिय शासन प्रणालीको डेढ दशक अभ्यास पश्चात समेत उल्लेखित विषयहरु

संक्रमणको घेरामै रहनु सुखद पक्ष पक्कै होइन। स्थानीय तहहरु आर्थिक रुपमा आत्म निर्भर नहुनु, राजस्वको अधिकार र खर्च जिम्मेवारीमा रहेको ठुलो अन्तर (Fiscal Gap) पूरा गर्न प्राप्त हुने अन्तरसरकारी वित्तीय सहायताको सुनिश्चतता नहुनु र प्रतिवद्धता अनुरुप प्राप्त नहुनु, कर्मचारी समायोजन भई स्थानीय सेवा सम्वन्धी ऐन निर्माण भएतापनि जनप्रशासनको मूल नीति र मार्गदर्शकको रुपमा रहेको संघीय निजामती सेवा ऐन हालसम्म जारी हुन नसक्दा वित्तीय संघीयता र प्रशासनिक संघीयताका कतिपय विषयहरु अझैपनि अनिश्चितताको गर्भमै रहेका छन्। जसले गर्दा सार्वजनिक खर्च व्यवस्थापनका साथै कर्मचारी व्यवस्थापन र वृत्ति विकासका विषयहरुमा स्पष्टता हुन सकेको देखिँदैन फलस्वरुप संगठनको अपेक्षित उत्पादकत्व हाँसिल हुन सकेको छैन।

सभा सदस्यज्यूहरु,

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विभिन्न विषयगत ऐन नियमहरु, नेपालको सोह्रौं योजना, दिगो विकासको लक्ष्यहरु, गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय आवधिक योजना, संघीय सरकार तथा प्रदेश सरकारबाट विभिन्न समयमा जारी भएका नीति, मार्गदर्शन तथा सुझाव, स्थानीय तहको योजना तर्जुमा दीघदर्शन, २०७८, आरुघाट गाउँपालिकाको पहिलो पञ्चवर्षिय आवधिक योजना, यस गाउँपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, आचारसंहिताको परिधिभित्र रही राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकको निर्णय, गाउँ कार्यपालिकाका विभिन्न मितिमा भएका निर्णय, साँझेदार निकायसंगको छलफल र पूर्व वजेट छलफलका क्रममा प्राप्त सुझाव, आम नागरिक, बुद्धिजिवी र सरोकारवालाहरुबाट प्राप्त सुझाव, जनताका आवश्यकता, हाम्रो राजनीतिक प्रतिवद्धता समेतलाई ध्यानमा दिइ योजनावद्ध विकासको अवधारणा अनुसार आगामी आ.व. २०८३/०८४ का साथै दीर्घकालिन लक्ष्य सहितको आरुघाट गाउँपालिकाको सोच तथा नीति पत्रको रुपमा यो नीति तथा कार्यक्रम निर्माण गरिएको छ। विगत वर्षको घोषित नीति तथा कार्यक्रमहरुलाई वार्षिक वजेट तथा कार्यक्रमले अधिकांश रुपमा संवोधन गरेको तलको समीक्षाले समेत प्रष्ट पार्ने नै छ। प्रस्तुत नीति तथा कार्यक्रमलाई आगामी आ.व. २०८३/०८४ को वजेटको आधारशीलाको रुपमा लिइएको छ। आगामी वजेट तथा कार्यक्रमले क्रमश पूर्ण रुपमा संवोधन गर्ने गरी सरोकारवाला सबै पक्षको सहभागिता र सूझाव साथै गाउँकार्यपालिकाको सोच अनुसार यो नीति तथा कार्यक्रम तयार गरिएको हो।

**वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयहरुलाई प्राथमिकता दिनेगरी यो नीति तर्जुमा गरेको छु।**

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने
- कृषिको आधुनिकीकरण वजारीकरणमा जोड दिईने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने
- स्थानीय सहभागिता जुट्ने, स्वयमसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक, समावेशिकरण अभिवृद्धि हुने
- दीगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने
- दक्ष जनशक्ति परिचालन गरी रोजगारीमूलक क्षेत्रमा जोड दिने
- पोषण कार्यक्रमलाई प्रवद्धन गर्ने
- स्वास्थ्य प्राथमिक उपचारमा जनतालाई पहुँचका लागि जोड दिने

- ठुला योजना पालिका र साना योजना वडाको प्राथमिकीकरणको आधारमा गरिने ।
- धार्मिक प्राकृतिक, पुरातात्विक कला सस्कृतीक र पर्यटनको संरक्षण प्रवद्धन गरिने ।
- राष्ट्रिय रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाईने ।

सभा सदस्यज्यूहरु,

हाम्रो नेतृत्वमा रहेको आरुघाट गाउँपालिकाले विगत आर्थिक वर्ष देखि हालसम्म आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, संस्थागत क्षमता विकास र सेवा प्रवाहका सम्बन्धमा हाँसिल गरेका महत्वपूर्ण उपलब्धीहरु यसै साथ पेश गरेको छु । हामीले सुरु गरेका आयोजनाहरु पूर्ण रुपमा सम्पन्न नभएता पनि गाउँपालिकाको विकासको आधार र दिशावोध गरेको छ । कतिपय सडकका योजनाहरु यसै आर्थिक वर्षमा कालो पत्रे भई पूर्णता प्राप्त गर्नेछन् ।

गाउँसभा सदस्यज्यूहरु,

अब म यस गरिमामय गाउँ सभा समक्ष गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**आर्थिक विकास तर्फ**

**क) कृषि**

१. निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक,आधुनिक,प्रतिस्पर्धी बनाउदै उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभूति गरिने छ ।

२. व्यवसायिक कृषकहरुको क्षमता विकास गर्न तालिम तथा अध्ययन अवलोकन कार्यलाई निरन्तरता दिइने छ।

३. खेत-खेतमा कृषि प्राविधिक, गोठ-गोठमा पशु प्राविधिक नीतिलाई कार्यान्वयनमा लगिने छ ।

४. मागको आधारमा यान्त्रिकरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५. गाउँपालिका भित्रका विभिन्न खेतीयोग्य जग्गामा साना सिंचाई मार्फत सिंचाई संरचनाहरु निर्माण गरी बर्षैभरि खेती हुने प्रबन्ध मिलाइनेछ ।

६. गाउँपालिका भित्रका बाझो जग्गाहरुको तथ्यांक संकलन गरी व्यवसायिक खेति गर्न प्रोत्साहित गरिनेछ ।

७. गाउँपालिकाको सम्भाव्य स्थानमा नमुनाको रुपमा स्याउ खेति, मोसो, बाँस खेतिको सुरुवात गरिनेछ । नदि तथा खोला किनारमा साझेदारीमा आँख खेति, तर्बुजा, खरबुजा खेतिको सुरुवात गरिनेछ ।

८. स्थानीय स्तरमा पाइने रैथाने बाली तथा बिउहरूको पहिचान, संकलन, अभिलेखीकरण र संरक्षण कार्यलाई प्राथमिकता दिइनेछ तथा राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्रसँग समन्वय गरी संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

९. बालीमा लाग्ने रोग तथा किराको समयमै पहिचान, नियन्त्रण र व्यवस्थापनका लागि बाली संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यक विषादी, जैविक विषादी तथा प्राविधिक सेवामा कृषकको पहुँच विस्तार गरिनेछ। सोलार करेन्ट प्रबाह गरी बादर नियन्त्रणका लागि नमुनाको रुपमा सम्भायता हेरिनेछ ।

१०.खाद्यान्न बालीको उन्नत बीउ उत्पादनमा वृद्धि गर्न वीउ बिजन, रासायनिक मल, आधुनिक कृषि उपकरण को व्यवस्थापन गरिनेछ ।

११.कृषिजन्य वस्तुहरुको बीमा सम्बन्धी ज्ञान र पहुँचको कमी भएको हुँदा विभिन्न समयमा कृषि बीमाको महत्व तथा कृषि बीमा गर्ने तरिकाका बारेमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ।

१२.उच्च मूल्य वस्तु तथा सम्भावना बोकेका कृषि वस्तुहरुको पहिचान गरी तुलनात्मक लाभ लागतका आधारमा क्षेत्र विस्तार एवं व्यवसायीकरण मार्फत आत्मनिर्भरता तर्फ उन्मुख गरिनेछ ।

१३. कृषि उत्पादकत्व बृद्धि गर्नका लागि संघीय, प्रदेश र अन्य स्थानीय सरकारसंग समवन्य र सहकार्य गरी ठूला परियोजना सञ्चालन गरिनेछ ।

१४. माटोको गुणस्तर सुधार तथा सन्तुलित मल प्रयोगलाई प्रोत्साहन गर्न गाउँपालिका स्तरमा माटो परीक्षण शिविर सञ्चालन गरी माटो स्वास्थ्य कार्ड वितरण गरिनेछ।

१५. Random Sampling विधिबाट गाउँपालिका क्षेत्रभरिको कृषि तथ्याङ्क सङ्कलन तथा अध्यावधिक गर्ने व्यवस्था मिलाइनेछ।

१६. उत्पादित कृषि जन्य वस्तुहरुको बजारीकरणको लागि कृषि संकलन केन्द्र संचालन गरी र हाटबजार मार्फत कृषकहरुको उत्पादन बिक्रि वितरणका लागि सहजीकरण गर्ने नीति लिइनेछ।

१७. सुन्तला उत्पादनको उच्च सम्भावना भएका क्षेत्रहरूमा सुन्तला खेती विस्तार कार्यक्रम सञ्चालन गरिनेछ। पुराना तथा उत्पादन घटेका बगैंचाको पुनर्स्थापना, व्यवस्थापन तथा बगैँचा ह्रास न्यूनीकरण कार्यक्रम कार्यान्वयन गरिनेछ।

१८. वडाहरुको भौगोलिक अवस्थाको विशिष्टता तथा उत्पादनशिलता अनुसार बिशेष बाली उत्पादन योजना तर्जुमा गरी वडालाई कुनै एक बालीको पकेट क्षेत्र घोषणा गरी कृषक समूह र सहकारी मार्फत कार्यक्रम संचालन तथा उत्पादन वृद्धि गरी कृषकहरुको आय स्तरमा सुधार गर्ने नीति लिइनेछ।

१९. विपन्न वर्ग, महिला, बैदेशिक रोजगारबाट फर्किएका व्यक्ति लगायत सम्पूर्ण कृषि कार्य गर्न चाहने कृषकहरुका लागि व्यवसायिक सीप विकास तालिम संचालन गरिनेछ ।

२०. उत्पादनमा आधारित रहेर सहकारीसँगको समन्वयमा कृषकहरुलाई अनुदान दिने व्यवस्था मिलाईनेछ।

२१. कृषि प्राविधिकहरुको क्षमता विकासको लागि क्षमता विकासका कार्यक्रममा ध्यान दिईनेछ।

२२. कृषि कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन तथा समस्या समाधानका लागि नियमित फिल्ड अनुगमन, प्राविधिक परामर्श तथा कृषकसँग प्रत्यक्ष अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

२३. कृषि कार्यक्रम संचालनको लागि साझेदार गर्न ईच्छुक सरकारी, गैर सरकारी तथा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

२४. कृषकलाई व्यवहारिक, सीपमूलक तथा समस्या समाधानमा आधारित कृषि शिक्षा प्रदान गर्न कृषक पाठशाला कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. प्राकृतिक विपद्, रोग, कीरा, असिना, बाढीपहिरो, खडेरी लगायतका कारण कृषकले भोग्नुपरेका क्षतिलाई न्यूनीकरण गर्न कृषकजन्य विपद् सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. स्थानीय कृषि उत्पादनको प्रवर्द्धन, बजारीकरण तथा कृषि पर्यटन विकासका लागि कृषि मेला, प्रदर्शनी तथा कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. परागसेचन, उत्पादन वृद्धि तथा आयआर्जनलाई प्रोत्साहन गर्न व्यावसायिक मौरीपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ तथा मौरी घार, उपकरण र सीप विकासमा सहयोग गरिनेछ ।

२८. कृषकलाई समयमै गुणस्तरीय बाली तथा तरकारीका मौसमी बिउ उपलब्ध गराई उत्पादन वृद्धि गर्न बिउ वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. कफी, अलैँची, टिम्बुर, ओखर, बोधिचित्त खेतीको कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. गाउँपालिकामा उत्कृष्ट कार्य गर्ने कृषक, फर्म, समूह, कृषि सहकारीलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

३१. संघीय सरकारसँग समन्वय गरी गाउँपालिकाको जनताको खाद्य तथा पोषण सुरक्षा सुधारमा जोड दिने नीति लिईनेछ ।

३२. व्यवसायिक कृषकको खेतबारीमा जनप्रतिनिधि भेटघाट गर्ने नीति लिइनेछ ।

३३.गाउँपालिकाको सुख्खा रहने क्षेत्रमा अदुवा र बेसारको बीउ उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।

३४.गाउँपालिकालाई तरकारी उत्पादनमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । प्लाष्टिक टनेल, सिंचाइ, उन्नत बिउ तथा प्राविधिक सेवामा सहयोग गरिनेछ ।

३५.आरुघाट गाउँपालिकाको वडा नं ३ को केवरपानीमा कृषि सामाग्रीको भण्डारणको लागि चिस्यान केन्द्र संचालन गरिनेछ ।

ख. **पशु सेवा तर्फ**

१. पशुसेवा शाखा कार्यालय व्यवस्थापन तथा संचालनका लागी आवश्यक पशुवस्तु औषधी**,** उपकरण**,** फर्निचर लगायत एक भेटरिनरी चिकित्सक सहितको प्राविधिक जनशक्तिको व्यवस्थालाई निरन्तरता दिदै आधारभूत प्रयोगशालाको व्यवस्था गरी पशुपन्छीको रोग निदान गरि सेवा प्रवाहलाई थप ब्यवस्थित गरिने छ ।

२. दूध, मासु, अन्डा तथा अन्य कृषिजन्य नगदे बालीमा पालिकालाई आत्म निर्भर बनाउन उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई थप व्यवस्थित गरि निरन्तरता दिईनेछ ।

३. पशुहरुमा लाग्ने विभिन्न माहामारीजन्य रोगको नियन्त्रण र रोकथामको लागि आवश्यक जैविक सुरक्षा विधि( Bio-security) अबलम्बन गरि कार्यक्रमको आयोजना गरिने छ । साथै पशुको पूर्ण खोप अभियानलाई निरन्तरता दिईने छ ।

४. पशु बिमा कार्यक्रमलाई बिमा प्रदायक सस्थासंग समन्वय गरि गाउँपालिकाका सम्पूर्ण पशुहरुको बिमा गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

५. दुग्ध तथा मासु उत्पादन वृद्धिका लागि पशु वस्तुमा नश्ल सुधारको लागि कृतिम गर्भधान कार्यक्रमलाई निरन्तरता दिइनेछ, साथै कृतिम गर्भाधानलाई बृद्धि गर्न कृतिम गर्भधान गरी ब्यएका गाई/भैसीलाई सुत्केरी स्याहार कार्यक्रम समेत अगाडी बढाइनेछ । उन्नत नस्लको समेत आबश्यकता अनुसार व्यवस्था गरिने छ

६. सबै वडामा पशु प्राविधिक मार्फत पशु उपचार सेवा दिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

७. बाख्रा तथा भैसीको पकेट क्षेत्र निर्माण गरी आधुनिक खोर निर्माण, माउ**,** र ब्याडको व्यवस्था गरिनेछ । चरण खर्कमा सोलार त्रिपाल, बसाई र गोठ व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

८. निर्बाहमुखी कृषि प्रणाली लाई ब्यबसायिक बनाउनका लागि कृषकहरुको क्षमता विकास गर्न तालिम तथा अध्ययन अवलोकन कार्यलाई आबश्यकता अनुसार संचालन गरिनेछ । कृषकहरुको स्वास्थ्यलाई पनि मध्यनजर गर्दै One health र Anti-microbial Resistance(AMR) सम्बन्धित जनचेतना मुलक कार्यकम गरिने छ ।

९. बर्षभरी हरियो घाँसको उपलब्धता सुनिश्चित गर्न हरियो घाँसको बिउ बेर्ना उपलब्ध गराउने व्यवस्था गरिनेछ । साथै सोको उत्पादनको लागि एक उन्नत घाँस विकास स्रोत केन्द्र स्थापना, सामुदाहिक तथा बाँझो जग्गामा घाँसखेती विस्तार र हे तथा साइलेजको लागि आवश्यक पहल गरिनेछ ।

१०.पशु सेवाको पहुँच नपुगेका स्थानहरुमा पशु घुम्ति स्वास्थ्य शिविरको व्यवस्था गरी घर घरमा पशु स्वास्थ्य उपचारको व्यवस्था मिलाइने छ ।

११.रेबिज रोग मुक्त पालिका बनाउनको लागि रेबिज रोग बिरुद्धको खोप र सामुदायिक छाडा तथा घरपालुवा कुकुहरुको स्थायी बन्ध्याकरण तथा सचेतना मुलक कार्यक्रमको आयोजना गरिने छ ।

१२.मानिसबाट जनावर र जनावरबाट मानिसमा सर्ने जुनोटिक रोग सम्बन्धी सचेतना अभिवृद्धि गर्न स्कुल शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३. **"युवामा स्वरोजगारःब्याजमा अनुदान"** भन्ने मूल नाराका साथ व्यवसायिक पशुपालन गर्न चाहने युवालाई ब्याजमा अनुदान कार्यक्रम लागु गरिने छ।

१४. एक वडा एक पकेट कार्यक्रम अन्तर्गत पकेट बिस्तार(गाई/भैसी,बाख्रा तथा कुखुरा पकेट) कार्यक्रमलाई बिस्तार /निरन्तरता दिइनेछ।

१५. आरुघाटका उच्च भेगमा रेन्बो ट्राउट माछापालन कार्यक्रमलाई अध्ययन गरी कार्यन्वयन गरिने छ।

१६. युवावर्ग माझ पशुपालन क्षेत्रलाई जोड दिन लागत साझेदारीमा विभिन्न पशुपन्छीपालन कार्यकमलाई जोड दिइनेछ।

१७. कृषकहरुलाई पशुपंक्षीको आहारामा सहज पहुँच स्थापना गर्न आधुनिक मेशिनरी औजारहरू(घास काट्ने मेसिन दाना बनाउने मेसिन )को व्यवस्था गरि आधुनिक पशुपालनमा जोड दिइनेछ।

१८. बधशाला देखि भान्सा सम्म र गोठ देखि ओठ सम्म स्वच्छ पशुपंछी जन्य उत्पादन र प्रयोगमा सुधार गर्दै लैजान स्वस्थ पशुपंछी स्वस्थ मानवको अवधारणालाई अवलम्बन गरि लागत साझेदारीमा "आरुघाट गाउँपालिकाको मुख्य मुख्य स्थानमा कम्तिमा १-१ वटा फ्रेश हाउस स्थापना गरिनेछ।

१९. गोठ/ भकारो सुधार तथा मूत्र संकलन कार्यक्रमलाई निरन्तरता दिदै अर्गानीक खेती प्रणाली तर्फ कृषकहरुलाई उन्मुख गर्दै लगिनेछ। साथै साना अर्धब्यबसायिक कृषकका लागि बिशेष कार्यक्रमहरुको ब्यबस्था गरिनेछ।

२०. स्थानीय जातको पशुपंछी संरक्षण कार्यक्रमलाई सञ्चालन गर्दै लगिने छ।

२१. डेरीलाई ब्यबस्थित गर्न संघिय सरकारबाट प्राप्त गाई/भैसी प्रबर्धन कार्यक्रमलाई गाउँपालिकाको साझेदारीमा तल्लो क्षेत्रलाई गाई/भैसीको पकेट बिस्तार गरि दुध उत्पादनमा बिशेष जोड दिइनेछ। सामुहिक वा एक्कल रुपमा फर्म स्थापना गरि ५ गोटा भन्दा बढी माउ गाई/भैसी पालन गर्ने कृषकलाई थप प्रोत्साहनका कार्यक्रम लागु गरिनेछ।

२२. हरेक वडामा बर्षको एकदिन कृषक संग समग्र पशुपालनको अबस्था बारे अन्तरक्रिया कार्यक्रम" गरिने छ।

२३. आरुघाट गाउँपालिकामा संचालित डेरीलाई प्रभावकारी रुपमा संचालन गर्न एक प्राविधिक जनशक्तिको व्यवस्था गरिनेछ।

२४. गाउँपालिकाको माथिल्लो क्षेत्रमा रहेका खर्कहरुमा चौरी गाई पालनको सम्भावना अध्ययन गरिने छ।

२५. खर्कमा घुम्ती गोठ पद्दतिबाट पशु पालन गरिरहेका कृषकहरुका लागि व्यक्तिगत तथा सामुहिक रुपमा आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ।

## ग. शिक्षा युवा तथा खेलकुद

१. आरुघाट गाउँपालिकाको शैक्षिक विकासका लागि निर्माण भएको पञ्चवर्षीय शिक्षा योजनाको **"समतामूलक र गुणस्तरीय जीवनपयोगी शिक्षाको सुनिश्चितता, समृद्धिका लागि उद्यमशील नागरिक उत्पादनमा आरुघाटको प्रतिवद्धता"** भन्ने दुरदृष्टिलाई टेवा पुर्याउन लागि विद्यालय शिक्षाको पहुँच, गुणस्तर, समावेशिता, सुशासन र पूर्वाधार विकासलाई प्राथमिकतामा राखी शिक्षा क्षेत्रको समग्र सुधार गरिने छ।

२. विद्यालयप्रति अपनत्व र सामुदायिक सहभागिता अभिवृद्धि गर्न **"हाम्रो विद्यालय : हामी बनाउँछौं"** अभियान सञ्चालन गरी अभिभावक, शिक्षक, विद्यार्थी, पूर्वविद्यार्थी तथा समुदायको सहकार्यमा विद्यालय सुधार कार्यक्रम कार्यान्वयन गरिनेछ।

३. विद्यालयमा प्रविधिमैत्री पठनपाठनमा जोड दिनका लागि हरेक माध्यमिक विद्यालयमा कम्तीमा एक स्मार्ट बोर्डको व्यवस्था गरिनेछ।

४. विद्यालय तहमा शिक्षकहरुको पेसागत सिप र क्षमता बढोत्तरी गर्न विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेसागत सहायता कार्यविधि २०८२ कार्यान्वयनमा ल्याइनेछ। समन्वय र सहकार्य विद्यालयबीच अनुभव आदानप्रदान,

क्लस्टर वाइज अभिभावक सचेतना, शिक्षकहरुका लागि तनाव व्यवस्थापन र विद्यार्थीलाई नेतृत्व विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

५. विषयगत शिक्षकहरुको सिकाइ सञ्जाललाई सक्रिय बनाई स्वमूल्याङ्कन, स्वनिर्देशित सिकाइ, म सिक्छु मैरै साथीबाट, पाठ अध्ययन जस्ता पेसागत सहयोगको विधिलाई प्रोत्साहित गरी सिकाइ उपलब्धिसँग जोडिनेछ।

६. सामुदायिक विद्यालयहरुमा विद्यार्थीको आकर्षण बढाउन र गुणस्तर कायम गर्न विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाको साझेदारीमा प्रारम्भिक बालविकास कक्षाकोठा व्यवस्थापन तथा स्तरोन्नति गरी प्रारम्भिक बालविकास शिक्षकलाई क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ। साथै एकीकरण नेपाल र रुम टु रिडको प्राविधिक सहयोगमा प्रारम्भिक कक्षा पठन सिप विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७. विद्यार्थीहरुमा दौतरी सिकाइ कार्यक्रम सञ्चालन गर्न विद्यालयलाई प्रोत्साहन गरी सहकार्यात्मक सिकाइको अवसर प्रदान गरिनेछ।

८. पढ्दै. सिक्दै र कमाउँदै कार्यक्रम सञ्चालन गरी विद्यार्थीलाई उद्यमशीलता तर्फ उन्मुख गर्न प्रेरित गरिनेछ।

९. विद्यालयमा अध्यापन गराउने महिला शिक्षक तथा कर्मचारी प्रसुती विदामा बस्नुपर्ने अवस्थालाई मध्यनजर गरी शैक्षिक क्षति न्यूनीकरणका लागि सट्टा शिक्षक/कर्मचारी व्यवस्थापनमा दिइएको अनुदानलाई वृद्धि गरी निरन्तरता दिइनेछ।

१०. आरुघाट गाउँपालिकामा रहेको एक मात्र सामुदायिक क्याम्पस भीमोदय बहुमुखी क्याम्पसमा सर्वसाधारणले सर्वसुलभ र सहज रुपमा शिक्षा प्राप्त गर्न सक्ने गरी आवश्यक व्यवस्थापन गर्न ध्यान दिइनेछ। साथै भीमोदय बहुमुखी क्याम्पसलाई सरकारी क्याम्पसको रुपमा रुपान्तरण गर्न विशेष पहल गरिनेछ।

११. दिवा खाजा कार्यक्रमलाई अनुगमन गरी स्थानीय उत्पादनलाई प्राथमिकता दिनका लागि विद्यालयका कर्मचारीलाई रैथाने बालीहरुको प्रयोग गरी स्वस्थकर र पौष्टिक खाजा तयार गर्नका लागि कुक तालिमको व्यवस्था गरिनेछ।

१२. छात्रवृत्ति मापदण्ड परिमार्जन गरी सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्रछात्राहरु मध्ये उत्कृष्ट, अति विपन्न, अपांगता भएका तथा दलित विद्यार्थीहरुका लागि छात्रवृत्ति तथा शैक्षिक सामग्री सहायताको व्यवस्था गरिनेछ।

१३. विद्यालयको गुणस्तर अभिवृद्धि तथा व्यवस्थापकीय र प्रशासनिक पक्षमा सुधार ल्याउनका लागि गाउँपालिकाले प्रधानाध्यापक र प्रधानाध्यापकले शिक्षकसँग करार सम्झौता गरी कार्यान्वयनमा ल्याइनेछ। विद्यालय व्यवस्थापन समिति अध्यक्ष र शिक्षक अभिभावक संघलाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१४. विद्यालय सीमा घेरा क्षेत्रबाट न्यूनतम २०० मिटर भित्र धुम्रपान, मद्यपान तथा मदिराजन्य पदार्थ बेचविखनमा रोक लगाइनेछ।

१५. दैनिक शिक्षण क्रियाकलापलाई थप व्यवस्थित गर्न वर्षभरिमा गर्नुपर्ने कार्ययोजना, दैनिक पाठयोजना, विद्यार्थी मुल्यांकन अभिलेखीकरण फारम, आन्तरिक मुल्यांकन फारम लगायतका विषय समेटेर शैक्षणिक योजना डायरी निर्माण गरी शिक्षकहरुलाई त्यसको अनिवार्य प्रयोगको लागि निरन्तरता दिइनेछ।

१६. कक्षा ८ र ९ मा न्यून सिकाइ उपलब्धि भएका विषयहरुमा अतिरिक्त कक्षा सञ्चालन तथा कक्षा १० का विद्यार्थीलाई अभिभावकको साझेदारीमा क्लोजक्याम्प सञ्चालन गर्न आवश्यक व्यवस्थापन गरिनेछ।

१७. शिक्षक, विद्यार्थी र अभिभावक केन्द्रित विविध अतिरिक्त कृयाकलाप समेटी शैक्षिक मेला संचालन गरिनेछ। आरुघाट गाउँपालिका भित्रका उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षक र उत्कृष्ट विद्यार्थी छनौट गरी पुरस्कृत गरिनेछ।

१८. अनौपचारिक तथा वैकल्पिक शिक्षा प्रणाली अन्तर्गतका सामुदायिक सिकाई केन्द्रमार्फत् विद्यालय बाहिर रहेका बालबालिकाहरुको एकिन गरी विद्यालय भर्नामा समाहित गर्न पहल गरिनेछ भने सामुदायिक सिकाई केन्द्रलाई सूचना केन्द्रको रुपमा स्थापना गर्न प्रोत्साहन गरिनेछ।

१९. विद्यार्थी र गाउँपालिकास्तरीय नेतृत्व तहसँग साक्षात्कार गर्नका लागि गाउँपालिकासँग विद्यार्थी कार्यक्रम सञ्चालन गरिनेछ।

२०. विद्यालयहरुमा शिक्षक तथा कर्मचारीले बिताउने समयावधि बढाउनका लागि अनिवार्य रुपमा डिजिटल हाजिरी कार्यान्वयनमा ल्याई गाउँपालिकाबाट नियमन गर्ने व्यवस्था गरिनेछ।

२१. विद्यालयस्तरीय खेलकुदलाई व्यवस्थित गर्नका लागि गाउँपालिका मा खेलकुद शिक्षकको दरबन्दी सिर्जना गरी सम्पूर्ण विद्यालयमा परिचालन गरिनेछ।

२२. खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि वमोजिम गाउँपालिका स्तरीय र वडास्तरीय खेलकुद विकास समिति गठन गरी गाउँपालिकाको राष्ट्रपति रनिंगशिल्ड प्रतियोगिता लगायत समग्र खेलकुदको आयोजना समिति मार्फत गर्ने व्यवस्था गरिनेछ।

२३. गाउँपालिका अध्यक्ष कप फुटबल, ब्याडमिन्टन लगायतका खेलकुद प्रतियोगितालाई व्यवस्थित ढंगले संचालन गर्दै यस्ता प्रतियोगितामा स्थानीय खेलाडीहरुलाई प्राथमिकता दिने नीति लिईनेछ।

२४. विभिन्न युवा क्लब, बाल क्लब द्वारा आयोजना हुने खेलकुद प्रतियोगितालाई व्यवस्थित गर्न खेलकुद समितिलाई परिचालन गरिनेछ, यस्ता खेलहरुमा गाउँपालिकाले दिने आर्थिक सहायतालाई नियमन गरिनेछ।

२५. गाउँपालिकाद्वारा आयोजना गरिने विभिन्न खेलकुद प्रतियोगिताहरुमा खेलकुद समिति मार्फत खेल सम्बन्धित युवा क्लब तथा व्यवसायीहरुलाई साझेदार बन्न प्रेरित गरिनेछ।

२६. गाउँपालिकाबाट दिइने सिप विकास तालिम, कृषि तथा पशु पालनको अनुदान वितरण, विकास आयोजनाको तर्जुमा देखि उपभोगसम्म युवाहरुलाई विशेष प्राथमिता दिइनेछ।

**घ. गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम (MEDPA) :**

१. गरिबी निकारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि २०८२, बमोजिम विभिन्न कार्यक्रम संचालनका लागि लागत साझेदारी गरिनेछ।

२. गाउँपालिका द्वारा संचालन गरिने विभिन्न उद्यमशिलता तथा सिपमुलक तालिम/कार्यक्रमलाई मेड् मोडेलको नीति अवलम्वन गरी संचालन गरिनेछ l

३. स्थानीय स्तरमा प्रचुर मात्रामा पाईने विभिन्न कच्चापदार्थहरु लाई सदुपयोग गरी स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने गरी सम्भाव्यता अध्ययनको आधारमा मात्र तालिम कार्यक्रम संचालन गरिनेछ l

४. एक वडा एक नमुना उद्यमको निति अवलम्वन गरिनेछ l

**ङ. स्वास्थ्य तर्फ**

आरुघाट गाउँपालिकाको विशिष्टिकृत भौगोलिक अवस्था तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्बोधन गर्दै गाउँपालिकाका जागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहाय बमोजिम नीति तथा कार्यक्रम अवलम्बन गरेको छ।

१. गाउँपालिकावासीहरुमा स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको प्रतिकारात्मक पूर्वद्धनात्मक, निज्ञानात्मक सामान्य उपचार एबम चिकित्सकीय सेवाको विस्तार र स्तरोन्नति गरिने छ।

२. गाउँपालिकावासीलाई जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको रोकथाम, नियन्त्रण र उपचारका लागी समुदाय स्तरमा स्क्रीनिङ्ग (फागुन महिना) तथा जनचेतना कार्यक्रम संचालन गरिनेछ

३. स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य अनुसन्धानलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई गाउँपालिकाको योजना, नीति, रणनीति बिकास गर्न स्वास्थ्य विषयमा जनस्वास्थ्य संकाय विषय अध्ययन गर्ने विधार्थीहरुलाई थेसिस ग्राण्ड्रटुको रुपमा अनुसन्धान गर्ने व्यवस्था लाई प्रभावकारी उपयोग गरिनेछ

४. गाउँपालिकावासीको स्वास्थ्य बीमा सुनिश्चित गर्न लागत साझेदारीमा लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका जागरिक, विपन्न, किशोर किशोरी, सिमान्तकृत, विभेद्धमा परेका, जनयुद्ध तथा जन आन्दोलनका घाईते, शहीद तथा बेपत्ता, परिवार, एकल महिलाको स्वास्थ्य सेवा सर्वसुलभ र सहुज पहुँच हुने व्यवस्था गरिनेछ।

५. संकटाभिमुख अबस्था, प्रकोप, विपद र महामारी नियन्त्रण जस्ता कार्यका लागि सरोकारवाला सँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावकारी रुपमा परिचालन गरिनेछ।

६. जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको विकास तथा विस्तार गरिनेछ। आरुघाट गाउँपालिकाको वडा नं ८ धारापानीमा एक जना स्वास्थ्यकर्मी उपलब्ध गराई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

७. आयुर्वेद तथा गाउँपालिकामा प्रचलित वैकल्पिक चिकित्सा पद्दतिहरुको आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तारको लागि आरुघाट आधारभूत अस्पतालमा रहेको नागरिक आरोग्य सेवा केन्द्रको सेवा प्रवाहलाई थप व्यवस्थित गरिनेछ।

८. जलवायु परिवर्तन, तथा प्राकृतिक विपद्ले सृजना हुने मानवीय स्वास्थ्य समस्या समाधान गर्न विपद तयारी र व्यवस्थापनलाई प्रभावकारी बनाउन स्वास्थ्य क्षेत्रका सबै निकायहरु बिच र अन्तरक्षेत्रिय समन्वय गर्ने, वातावरण प्रदूषणको प्रभावकारी नियन्त्रण गर्दै स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिक अधिकारलाई सुनिश्चित गर्ने खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यक्रम संचालन गरिने छ साथै नमुना सफा र स्वच्छ वडा, पालिका घोषणा गर्नको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ।

९. एचआईभी संक्रमित व्यक्तिहरु लाई ART सेन्टर सम्म आवतजावत गर्न मासिक रुपमा यातायात खर्च वापत् रु ५ सय लाई निरन्तरता गरिने छ।

१०. जेष्ठ नागरिकहरुको संख्यामा भैरहको बृद्धिलाई ध्यानमा राख्दै स्वास्थ्यका समस्याहरुलाई प्राथमिक स्वास्थ्य सेवाको तह देखिनै व्यवस्थापन गर्न जेष्ठ नागरिक स्वास्थ्य जांच उमेर सत्तरी कार्यक्रम लाई निरन्तरता गरिने छ।

११. आमा सुरक्षा कार्यक्रम अन्तर्गत संस्थागत प्रसुती सेवालाई प्रोत्साहन गरि " घरमा प्रसुती शुन्य गर्न" तोके बमोजिम गर्भ जाँच गर्ने महिलाहरुको लागि " गर्भवती महिला को निशुल्क प्रयोगशाला परिक्षण " र "सुत्केरी महिला लाई निशुल्क "एम्बुलेन्स सेवा" कार्यक्रम संचालन गरिनेछ र साथै " **सुनौलो हजार दिनका आमाहरु सङ्ग उपाध्यक्ष भेटघाट कार्यक्रम "** लाई निरन्तरता गरिनेछ।

१२. स्वास्थ्य संस्थाहरु बाट सम्पादित क्रियाकलापलाई गुणस्तरीय बनाउन र उचित समयमा प्रतिबेदन गर्नका लागि मासिक बैठक,स्वास्थ्य संस्थाहरुमा मापदण्ड बमोजिमको इन्सिनेटर निर्माण, संस्थाहरुको मर्मत, उपकरण खरिद, ई-मेल ईन्टरनेट,HMIS डिजिटललाईजेसन लाई पँहुच बिस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ। साथै विश्व स्वास्थ्य संगठन (WHO) को सहकार्यमा आरुघाट आधारभूत अस्पतालमा विरामीहरुको सम्पूर्ण चिकित्सा विवरण सुरक्षित दिर्घकालिन रुपमा अभिलेख गर्न अनलाई प्रविधि टिकट,बिलिङ र प्रेषण प्रणाली लाई थप व्यवस्थित गर्न **EMR(Electronic medical record )** प्रणालीको व्यबस्था मिलाईने छ।

१३.परिवार स्वास्थ्य तथा नियमित स्वास्थ्य संस्थामा वृद्धि अनुगमन गर्ने बालबालिकाहरु विच खोजपड्तालमा,उपचार र ब्यबस्थापनमा हेल्दी वेवी प्रतियोगिता आयोजना गर्ने कार्यक्रममा संचालन गरिनेछ।

१४.**फलफुल,हरियो सागपात खाऔं निरोगी रगौं** भन्ने सन्देश प्रवाह गर्न एक स्वास्थ्य संस्था /एक वडामा फलफुल ,करेसाबारीमा निर्माण गर्ने अभियान कार्यक्रम संचालन गरिने छ।

१५.विधालयहरुमा विधार्थीहरु लाई शिक्षकको निगरानीमा दिवा खाजा पश्चात ब्रस गराउने तथा मुख स्वास्थ्य प्रवधर्न कार्यक्रम संचालन गरिने छ।

१६.सामुदायिक बिद्यालयहरुमा बिद्यालय शिक्षा कार्यक्रम संचालन गरी अध्ययनरत बिद्यार्थीहरु,किशोरकिशोरीहरु र समुदाय स्तरमा एन्टीबायोटिक औषधी कारण मानिसमा हुने असर( ए.एम.आर) लाई न्यूनीकरण गर्न स्वास्थ्य सचेतना कार्यकम ल्याइने छ।

१७.स्वास्थ्यकर्मीहरुको सिप र दक्षतालाई थप क्षमतावान र प्रभावकारी बनाउन तालिम तथा आन्तरिक भ्रमण गराईनेछ।

१८.स्वास्थ्य उपचार राहत कोष लाई निरन्तरता दिईने छ साथै आवश्यक पहिचान गरेर मात्र दिर्घ रोगीहरुलाई उपचार सहायता दिने व्यवस्था लाई नियमन गरी र दिर्घ रोगीहरुले मासिक रुपमा प्राप्त गरिरहेको ५ हजार दिने व्यवस्थालाई परिचय पत्र बनाई प्रभावकारी बनाइनेछ।

१९.आरुघाट आधारभूत अस्पतालमा गोरखा अस्पतालको समन्वयमा बिशेषज्ञ सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२०.महिला स्वास्थ्य स्वयं सेविका हरुलाई प्रोत्साहन गर्न प्रोत्साहन स्वरूप दिदै आएको सुबिधामा निरन्तर गरिनेछ साथै उमेर हदका कारण अवकाश प्राप्त हुनु भएका महिला स्वास्थ्य स्वयंसेविकाहरु लाई योगदान स्वरूप नगद उपलब्ध गराउने व्यबस्था मिलाईनेछ।

२१.आरुघाट आधारभूत अस्पतालको खानेपानी सरसफाईलाई व्यवस्थित गर्दै अस्पताल भवनको विद्युत आपूर्तिको लागि जडान गरिएको विद्युतीय तार वायरिंग प्रणालीलाई मर्मत गरी सुरक्षित र व्यवस्थित गरिनेछ।

२२.आरुघाट आधारभूत अस्पतालमा शल्यक्रिया सहितको प्रसूति सेवा (CEONC) कार्यक्रम संचालन गर्नका लागी नेपाल सरकार परिवार कल्याण महाशाखाको सहकार्यमा Comprehensive Emergency Obstetric Neonatal Care (CEONC) सेवा स्थापना गरी २४ सै घण्टा सेवाको निरन्तरता र विस्तार गर्नका लागि आवश्यक जनशक्ति सहित बजेट व्यबस्था मिलाईने छ।

२३.गाउँपालिकावासीहरुको आँखाको मोतियाबिन्दु हुने समस्या लाई मध्यनजर गरि गोरखा लायन्स आँखा सेवा केन्द्रको साझेदारीमा नि:शुल्क रुपमा मोतियाबिन्दुको शल्यक्रिया गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

## च. सामाजिक सुरक्षा तर्फ

**१.** सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने उमेर पुगेका ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, असहाय एकल महिला तथा बालबालिकाहरूको राष्ट्रियपरिचय पत्र ( NID) संग आवद्द गरी पूर्ण डिजिटल विवरण संकलन गरी दर्ता अभियान सञ्चालन गरिनेछ।

२. सामाजिक सुरक्षा भत्ताको लागि बैंक जान नसक्ने अति अशक्त र ज्येष्ठ नागरिकहरूका लागि **"घर दैलोमै सामाजिक सुरक्षा भत्ता"** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरूको डिजिटल माध्यमबाट अनिवार्य बायोमेट्रिक नवीकरण गर्ने व्यवस्थालाई थप व्यवस्थित र प्रविधिमैत्री बनाइनेछ।

४. वास्तविक अपाङ्गता भएका व्यक्तिहरू पहिचान गर्न गाउँपालिका /वडा स्तरमा नियमित रूपमा स्वास्थ्य शिविर सञ्चालन गरी अपाङ्गता परिचयपत्र वितरण र वर्गिकरण कार्यलाई वस्तुनिष्ठ बनाइनेछ।

५. व्यक्तिगत घटना पञ्जीकरण र सामाजिक सुरक्षाको डाटाबेसलाई विभागको केन्द्रीय प्रणाली तथा राष्ट्रिय परिचयपत्रको विवरणसँग अन्तर-आबद्ध (Integrate) गरी अनियमिता रोक्न "Single Source of Truth" को अवधारणा लागू गरिनेछ

६. शिशु जन्मेको ३५ दिनभित्रै जन्मदर्ता गराउन प्रोत्साहन गर्न स्वास्थ्य संस्थाहरूसँग समन्वय गरी प्रसूति सेवा लिन आउने आमाहरूलाई पञ्जीकरण सम्बन्धी सचेतना प्रदान गरिनेछ।

७. भौगोलिक रूपमा दुर्गम वा विपन्न बस्तीहरूमा सेवाको पहुँच पुऱ्याउन वर्षमा दुई पटक पायक पर्ने स्थानमा **"एकीकृत घुम्ती शिविर"** सञ्चालन गरी व्यक्तिगत घटना दर्ता गरिनेछ।

छ. **रोजगार सेवा केन्द्र तर्फ**

१. वैदेशिक रोजगारको समग्र चक्रलाइ व्यवस्थापन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकिकृत सेवा प्रवाह कार्यविधि लागु गरी विद्यमान रोजगार सेवा केन्द्रलाई **"रोजगार सीप तथा उद्यमशीलता केन्द्र"** का रुपमा रुपान्तरण गरी संचालन तथा व्यवस्थापन गरिनेछ।

२. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको श्रम स्वीकृतिमा सहजीकरण गर्ने साथै श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका, अलपत्र परेका व्यक्तिहरुलाई राहत, उद्दार गरी आर्थिक सहायतामा सहजीकरण, अंगभंग तथा मृत्यु भएको अवस्थामा वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायता प्राप्त गर्न सहजीकरण गरिने कार्यलाई निरन्तरता दिइनेछ।

३. सीप, तथा क्षमता विकास गरी रोजगारी प्रवर्द्धन गर्न कार्यस्थलमा आधारित रहेर संचालन हुने तालिमलाई निरन्तरता दिइनेछ।

४. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई लक्षित गरी उद्यमशीलताविकास, वित्तीय पहुँचका लागि बैंक तथा वित्तीय संस्थाहरुसंग समन्वय गरी सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन सहजीकरण गरिनेछ।

५. वैदेशिक रोजगारी तथा अन्य कारणले उत्पन्न मानसिक स्वास्थ्यको समस्यालाई न्यूनीकरण गर्न मनोसामाजिक परामर्श तथा मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

**ज. पर्यटन तथा संस्कृति प्रबर्धन**

- आरुघाट गाउँपालिका वडा नं ८ मा रहेको सीताला माई मन्दिरको निर्माण कार्य सम्पन्न गरी उक्त मन्दिरलाई गाउँपालिकाको प्रमुख पर्यटकीय गन्तव्य बनाउन प्रचार प्रसार, म्याराथन दौड, पुजारी व्यवस्थापन र मन्दिर सजावट तथा सौन्दर्यकरणको कार्य गरिनेछ। आरुकोटको नांगे डाँडा र थुमी धारापानीमा झण्डा पार्क स्थापनाको सम्भायता हेरिनेछ।

- आरुघाट गाउँपालिका अन्तर्गत विस्तृत अध्ययन प्रतिवेदन (DPR) भएका सांस्कृतिक, पर्यटकीय एवम धार्मिक क्षेत्रहरु सति डाँडा पार्क, स्टोन पार्क, रमाइलो डाँडा पार्क, बासुकी मन्दिर तथा पार्क, पञ्चकन्या मन्दिर, बाइस धारा देबी जलकुमारी मन्दिर तथा पार्क, विभिन्न गुफा तथा पर्यटकीय स्थलहरुको निर्माण कार्यलाई निरन्तरता दिन संघ, प्रदेश सरकारको सहकार्य र समन्वयमा बजेट व्यवस्थापन गरिनेछ।

- आरुघाट गाउँपालिकाको वडा नं ९ र १० मा रहेको रमाइलो डाँडा पार्क लगायतका पर्यटकीय एवम धार्मिक क्षेत्रहरुको निर्माण कार्य गरिनेछ।

- ग्रामीण पर्यटनलाई प्रवर्धन गर्न गाउँपालिका भित्रका आप्रिक, स्वाँरागाउँ, दराईगाउँ, घ्यापिन्थोक, खुलाल गाउँ, भोक्टेनी, मान्वुमा होम स्टे र खर्कहरुमा गोठस्टे स्थापनाका लागि आवश्यक सहजीकरण र पहल गरिनेछ।
- गाउँपालिका भित्र रहेका एतिहासिक धार्मिक संस्कृतिक सम्पदा र धरोहर एवम पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्नका लागि सामाजिक संजाल, गाउँपालिका भित्रका बिभिन्न स्थानहरुमा फोटो प्रदशनी, सूचना पाटी र भिडियो दृश्यहरुको प्रदशनी कार्य गरिनेछ।
- भिमसेन मन्दिर- पञ्चकन्या मन्दिर –सितलामाई मन्दिर- मनकामना मन्दिर- शिम्भुमाई मन्दिर-सितला माई(अलैचे) मन्दिर –सिद्धडाडा पार्क- भोक्टेनी मनकामना डाडा -२२ धारा देवीजलकुमारी मन्दिर तथा पार्क- पाखुरे –वासपुर- मालस्वाँरा सतिडाडा -धारापानी – स्वाराँगाउ होमस्टे –नेबोट देउराली पुल –स्यामराङ भलाक पुल- अर्मला-सोति- आर्खेत वजार हुँदै आरुघाट रुटको विकास गर्न पहल गरिनेछ।
- सोति पुल –भुमेथान-वतासे गुफा-गाई ओडार गुफा- घैरुङथान-गंगाजमुना-स्टोनपार्क – घामलिङ गढीमाई- छयाङछुङ गुफा- गाम्चेत देवीथान –तिल्चेत खर्क –बेउलीचेत खर्क - चाङ्खरचेत हुँदै मुण्डली खर्क गोठस्टे- माङ्नीडाडा- थामडाडा हुँदै गणेश हिमाल गोसाईकुण्ड पदमार्ग निर्माण तथा विकास गर्न पहल गरिनेछ।
- धार्चेको लिदिङ देखि आरुघाटको धुनीखोप झरनासम्म जीपलाईन निर्माण गराई चक्रदेवी मन्दिर भ्रमण गर्न पहल गरिनेछ।

**झ. सहकारी तथा भुमि व्यवस्थापन**

- आरुघाट गाउँपालिका भित्रका सहकारी संस्थाहरुको अनुगमन र नियमनबाट प्राप्त प्रतिवेदनको आधारमा संकटग्रस्त सहकारीहरुको समस्या समाधान गर्न सहकारी संचालक समितिलाई जिम्मेवार बनाई आवश्यक कार्यहरु गरिनेछ।
- सहकारी संस्थाहरुलाई अनिवार्य रुपमा कोपोमिस(COPOMIS) प्रणालीमा आवद्ध गर्ने व्यवस्था मिलाई सबै सहकारी संस्थाहरुको कारोबारलाई वित्तीय सुशासनयुक्त र प्रविधि मैत्री बनाउने नीतिलाई निरन्तरता दिइनेछ। सहकारीहरुलाई उद्देश्य परक भई काम गर्न/ गराउन आवश्यक नियमन गरिनेछ।
- संचालनमा नआएका निस्कृय रहेका सहकारीलाई खारेजी गर्ने नीति लिइनेछ।
- सहकारी मार्फत कृषि बिउ बिजन, प्रविधि प्रदान गर्ने, व्यवसायिक खेति विस्तार गर्ने, उत्पादनको बजारीकरण गर्ने र उद्यमशीलता विकासका लागि सुलभ दरमा कर्जा प्रबाह गर्ने व्यवस्था गरिनेछ।
- आरुघाट गाउँपालिका भित्र रहेका सुकुम्वासी, अव्यवस्थित वसोवासीहरुको समस्या समाधान गरी आवास प्रदान गर्न संघीय सरकार संगको सहकार्यमा कार्य गरिनेछ।
- बुढी गण्डकी जलविद्युत आयोजनाको कारण डुबानमा पर्ने गाउँपालिकाको प्रशासनिक भवन, सामुदायिक विद्यालय, क्याम्पस, इलाका प्रहरी कार्यालय लागएतका सरकारी कार्यालयहरुको लागि आवश्यक जग्गा व्यवस्थापन गर्न बुढीगण्डकी जलविद्युत आयोजना कम्पनी र संघीय सरकारलाई सामुहिक रुपमा थप दवाव दिइनेछ।
- आरुघाट गाउँपालिकाको केन्द्र आरुघाट बजार, उत्तरी गोरखाको मुख्य व्यापारिक बजार बुढीगण्डकी आयोजनाका कारण डुबानमा परी यस क्षेत्रको विकास निर्माण, सेवा प्रवाह, अस्पताल, बैंक तथा वित्तीय संस्था, सुरक्षा निकाय लगायतको कार्यसम्पादनमा असर परेको, विकास निर्माण कार्यमा आरुघाटलाई पछाडी पारिएको, संघीय सरकारबाट समस्या समाधानमा गुनासो सुनुवाई नभएको, बुढीगण्डकी आयोजनाको सुरुवात समेत नभएको अवस्थामा कि आयोजना सुरु गर कि आरुघाटलाई डुबानबाट मुक्त गर भन्ने माग सहित सरोकारवालाको सहभागितामा केन्द्रीय सरकारको ध्यानाकर्षण गराइने छ।

- आरुघाट गाउँपालिका भित्र रहेको श्री ५ को वायुगुठि अन्तर्गतको जग्गा व्यवस्थापन गर्न र डुबान क्षेत्र अन्तर्गत आरुघाट गाउँपालिकाको वडा नं ९  मा पर्ने आरुटार र वडा नं. १० चनौटेको १८६ कित्ता रोक्का जग्गा बुढीगण्डकी आयोजनाबाट प्लानिङ नभएमा फुकुवाको लागि वहस पैरवी गरिनेछ ।

ञ. **खानेपानी तथा सरसफाई**

- गाउँपालिका भित्र संघ, प्रदेश तथा संघ संस्थाहरु संगको समन्वय एवम सहकार्यमा संचालन गरिने मिटर सहितको एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिई प्रत्येक घर धुरीमा स्वच्छ र सफा खानेपानी सुबिधा पुर्याउन पहल गरिनेछ। विद्यालयहरुमा स्वच्छ खानेपानीका लागि फिल्टर व्यवस्थापन गर्दै लगिनेछ ।
- शान्ति नेपालसंगको सहकार्यमा वडा नं ७ र ८ बाट सुरु गरिएको पूर्ण सरसफाई युक्त वडा घोषणा अभियानलाई गाउँपालिकाको अन्य वडाहरुमा क्रमश विस्तार गर्दै गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउँदै लगिनेछ।
- पूर्ण सरसफाई अभियान संचालन गर्नका लागि प्रत्येक वडामा टोल विकास संस्था गठन र परिचालन मार्फत सघन रुपमा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- संचालन भैरहेका खानेपानीको मुहानहरु दर्ता तथा नविकरण गर्ने, व्यवस्थित रुपमा संचालन गराउने र सो को मर्मतका लागि मर्मत सम्भार कोष व्यवस्था गर्न खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- आरुघाट र आरुटारको फोहोर व्यवस्थापन कार्यलाई थप व्यवस्थित गराइनेछ । आर्खेत, सोती बजार र अन्य ठुला वस्तीहरुको फोहोर संकलन र व्यवस्थापन कार्यको सुरुवात गरिनेछ ।
- नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा खानेपानी तथा सरसफाई स्वच्छता योजनाको निर्माण कार्यलाई पूर्णता दिइनेछ ।
- गण्डकी प्रदेश सरकारको विशेष अनुदानमा संचालित पोल्चेत खानेपानी आयोजना सम्पन्न गरिनेछ ।

ट. **महिला, बालबालिका, अपांग एवं ज्येस्ठ नागरिक तर्फ**

- उद्यमशिलता कार्यक्रम अन्तर्गत विशेष गरी गरिव, एकल,दलित,विपन्न,हिंसा पिडित तथा अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न किसिमका तालिम संचालन गरी व्यवसायिकता तर्फ उन्मुख गराउने कार्यलाई निरन्तरता दिइनेछ।
- महिला हिंसा,घरेलु हिंसा,लैङ्गिक विभेद तथा सामाजिक कुरिती कुसस्कार विरुद्ध जनचेतनामुलक कार्यक्रम संचालन गरी लैङ्गिक समानता तथा सामाजिक समावशीकरणको नीति अवलम्वन गरिने छ ।
- महिला लक्षित क्षमता विकासका कार्यक्रमहरु संचालन गरी महिला समुहहरुलाई सक्रिय बनाईने छ  वडा तथा गाउँपालिका स्तरमा महिला संजालहरुलाई सक्रिय वनाइने छ ।
- विशेष गरी विपन्न,एकल हिंसा पिडित सिमान्तकृत महिलाहरुलाई क्षमता विकास, नेतृत्व विकास र सिपमुलक तालिम प्रदान गरी उनीहरुको जीवनस्तर उकास्नमा पहल गरिने छ ।
- यस गाउँपालिका भित्रका विभिन्न विषयगत शाखाहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण,लै.स.स.परीक्षण (जेण्डर अडिट) गरिने छ ।
- विभिन्न जातजाति, धर्म, संस्कार, संस्कृति, पिछडिएका वर्ग अपाङ्ग र महिला लक्षित विभिन्न दिवसीय कार्यक्रमहरु संचालन गरिने छ ।

- विभिन्न तालिम प्राप्त गरेका महिलाहरुलाई व्यवसायी वा सफल उद्यमी बन्नको लागि वित्तीय तालिम र आवश्यक प्रविधि उपलब्ध गराइनेछ ।
- बाल मैत्री स्थानिय तह निर्माणको लागि प्रकृयागत रुपमा कार्यक्रम संचालन गरिने छ । बालअधिकार समिति बाल संजाल तथा बाल क्लबका पदाधिकारीहरुलाई बाल अधिकार सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिने छ।
- गाउँपालिका भित्र वालमैत्री तथा अपांगमैत्री भौतिक संरचना निर्माणमा पहल गरिने छ ।
- बालबालिका माथि हुने विभेदको अन्त्य गरी नीति निर्माण तथा निर्णायक तहमा बालबालिकाको पहुँच तथा सहभागितालाई जोड दिईने छ ।
- गाउँपालिका भित्रका विभिन्न विद्यालयहरुमा बालविवाह विरुद्ध सचेतनामुलक कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विद्यालयहरुमा रहेको बालक्लब, वडा स्तरिय बाल संजाल तथा वडा स्तरीय बाल अधिकार समितिको कामकारवाही लाई सक्रिय बनाइनेछ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय बाल दिवसमा विशेष कार्यक्रम संचालन गरिने छ ।
- अनाथ, वेवारिसे र जोखिममा परेका बालबालिकालाई बालगृह सम्म पहुँच पुर्याउन विशेष बजेटको व्यवस्था गरिने छ।
- बालबालीका माथी कुनै पनि समयमा हुन सक्ने जोखिमबाट बचाउन बालबालीका आत्मरक्षाको लागि तालिम संचालन गरिने छ ।
- बालबालीकाहरुको स्वास्थ्यलाई ध्यानमा राखी रैथाने बालीको संरक्षण र विद्यालयमा दिवा खाजा कार्यक्रमलाई गुणस्तरिय बनाउन विद्यालय कर्मचारीहरुलाई गुणस्तरिय खाजा तथा खाना बनाउने सिप सम्बन्धि तालिम संचालन गरिने छ ।
- अपाङ्ग परिचय पत्र वितरण कार्यलाई प्रविधिमा आधारित र व्यवस्थित पारिनेछ ।
- सवै खाले अपाङ्गता भएका व्यक्तिहरुको हक हितको लागि विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि विभिन्न सिप तथा आयआर्जनमुलक कार्यक्रम संचालन गरी उनीहरुको जीवनस्तर उकास्नमा पहल गरिने छ ।
- विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक सहायक सामग्री वितरण गरी उनीहरुको जीवनयापनलाई सहज बनाईने छ ।
- अपाङ्गता भएका छात्रछात्राहरुलाई शैक्षिक सामग्री वितरण प्रकृयालाई निरन्तरता दिइने छ ।
- अपाङ्ग दिवसको अवसरमा बिशेष कार्यक्रम संचालन गरिने छ ।
- वडा तथा गाउँपालिका स्तरमा निर्माण हुने समिति उपसमितिहरुमा अपाङ्गता भएका व्यक्तिहरुको पहुचको लागि पहल गरिने छ ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिने छ । जेष्ठ नागरिकका लागि औषधि उपचार र एम्बुलेन्स प्रयोगमा विशेष छुटको व्यवस्था गरिनेछ ।
- जेष्ठ नागरिक सचेतना कार्यक्रमको माध्यमबाट जेष्ठ नागरिक प्रति गरिने र्दुव्यवहार न्युनिकरणको लागि पहल गरिनेछ ।
- सवै वडाहरुमा जेष्ठनागरिक विश्रामस्थल तथा दिवासेवाकेन्द्र निर्माणको लागि पहल गरिने छ ।
- जेष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रमलाई निरन्तरता दिदै यसलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

- आदिवासी जनजातिहरुको परम्परा र संस्कृति जोगाउन विशेष पहल गरिनेछ।
- प्रत्येक दलित समुदायको परम्परागत सिपलाई निरन्तरता दिन तथा व्यवसायीकता तर्फ उन्मुख गर्न विशेष कार्यकम गरिने छ।
- पछाडी परेका सिमान्तकृत तथा पिछडा वर्ग दराई, कुमाल, माझी, मुस्लिम जातीहरुको जीवनस्तर उकास्न विशेष पहल गरिनेछ।
- न्यायिक मेलमिलाप कर्ताहरुको लागि आवश्यक सेवा सुबिधाको व्यवस्थापन गरिनेछ।
- प्रत्येक वडामा न्यायिक तथा मेलमिलाप समितिको क्षेत्राधिकार,देवानी तथा फौजदारी मुद्दा साथै न्याय निरुपणको विभिन्न तौरतरिकावारे सचेतनामुलक कार्यक्रम संचालन गरिने छ।
- **कोहि नहुने र केहि नहुनेको साथमा घर नजिकको स्थानीय सरकार छ** भन्ने अनुभूति गराउन सामाजिक संरक्षण मार्फत लक्षित वर्गको नागरिकहरुका लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ।

ठ. **खस,/आर्य, आदिवासी/ जनजाति, दलित, मुश्लिम तथा अन्य लक्षित बर्ग तर्फ**

- आरुघाट गाउँपालिकाको इतिहास, धर्म, संस्कृति, रितिरिवाज, परम्परा, पर्यटकीय स्थलहरुको संरक्षण र सम्बर्द्धन गर्नका लागि आवश्यक कार्य गरिनेछ।
- गाउँपालिकामा बसोबास गर्ने सबै समुदायको आवश्यक पालिका स्तरीय संजालहरु गठन गरी समन्वयको आधारमा आवश्यक परेका सिपमुलक, स्वरोजगार मुलक एवम उत्थानका कार्यक्रमहरु संचालन गरिनेछन।
- सबै किसिमका समुदायको भेषभुषा, कला, साहित्य,भाषा, धर्म एवं संस्कृतिको संरक्षण र संवर्धन हुने खालका कार्यक्रम संचालन गरिनेछ।

**ड. गरिवी निवारण तर्फ**

- गाउँपालिकाले संचालन गर्ने विकास निर्माणको कार्यमा विपन्न वर्गका व्यक्तिहरुलाई रोजगारी सृजना हुने वातावरण तयार पारिनेछ।
- राष्ट्रिय रोजगार कार्यक्रम मार्फत बेरोजगारहरुको लागि १०० दिने रोजगारी सुनिश्चितता गरिनेछ। साथै यसलाई थप प्रभावकारी रुपमा संचालन गर्न अत्यावश्यक र सान्दर्भिक योजना छनौट गर्ने र त्यसमा गाउँपालिकाबाट सह लगानी गरी प्रभावाकारितामा वृद्धि गरिनेछ।
- राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत गरिव, विपन्न महिलाहरुका लागि तालिम र वीउ पुँजी उपलब्ध गराइनेछ।
- संघिय शसर्त अनुदानमा हस्तान्तरित मेड्पा कार्यक्रमलाई थप प्रभावकारी गराउन पालिकाबाट लागत साझेदारी लाई जोड दिईनेछ।
- गाउँपालिकाद्वारा संचालन गरिने विभिन्न सिपमुलक तालिम /कार्यक्रमलाई moc model को नीति अवलम्वन गरी संचालन गरी स्वोरोजगार बनाउन पहल गरिनेछ ।
- स्थानीय स्थरमा प्रचुर मात्रामा पाईने विभिन्न कच्चापदार्थ हरुलाई सदुपयोग गरी स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने गरी सम्भाव्यता अध्ययनको आधारमा मात्र तालिम कार्यक्रम संचालन गरिनेछ।

## ढ. समूह, संघ संस्था तथा व्यापार व्यवसाय

- गाउँपालिकामा दर्ता भएका सबै संघ संस्था एवं समूहहरुको नियमन र क्षमता विकासको कार्यलाई अगाडी बढाईनेछ। गैर सरकारी संस्था मार्फत हुने कार्यक्रमको लागि गाउँपालिकाको पुर्व स्वीकृति लिई कार्यक्रम संचालन गर्नुपर्ने छ । संघ संस्थाहरु मार्फत लागत साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका भित्रको आन्तरिक आवागमन सहजीकरण गर्नका लागी सम्भाव्य रुटहरुमा अटो रिक्सा संचालनका लागि व्यवसायीहरुलाई प्रोत्साहित गरिनेछ ।
- काठमाडौँबाट धादिंङको रुट हुँदै आरुघाट, आरुपोखरी, आप्रिक, थुमी, मान्वु सार्वजनिक वससेवा संचालन गर्न नागरिकहरुको तिब्र माग वमोजिम सम्बन्धित यातायात व्यवसायी, गोरखा र धादिङ जिल्ला प्रशासन कार्यालयसंग समन्वय गरिनेछ ।
- व्यापार व्यवसाय दर्ताका लागि सम्बन्धित वडा कार्यालय, सुरक्षा निकाय र उद्योग बाणिज्य संघ आरुघाट इकाईको सहकार्यमा अभियान संचालन गरिनेछ । साथै दर्ता भएका संघ संस्था, समिति, समुह, तथा व्यापार दर्ता तथा नविकरण प्रक्रियालाई प्रविधिमा आधारित बनाउन सो सम्बन्धी सफ्टवेयर व्यवस्था गरिनेछ ।
- स्थानीय स्तरमा रहेको कच्चा पदार्थहरु स्लेट ढुंगा, बाँस, निगालोको प्रयोग गरी व्यवसायिकता विकास गर्न आवश्यक सहजीकरण गरिनेछ ।

## ण. पुर्वाधार विकास (सडक, झोलुंगे पुल, भवन, बिद्युत तथा संचार )

- गाउँपालिकाको केन्द्र एवं प्रदेश सरकारको लागत साझेदारीमा गाउँपालिका भित्रका प्रमुख सडकहरुलाई प्राथमिकतामा राखी स्तरोन्नतिको नीति अवलम्बन गरिनेछ ।
- संघीय सरकार र गाउँपालिका बीचको सहलागनिमा संचालन हुने समपुरक आयोजनालाई बहुवर्षीय आयोजनाको रुपमा ठेक्का बन्दोबस्त गरी सडक कालोपत्रे गर्ने कार्यको सुरुवात गरिनेछ ।
- आरुघाट गाउँपालिकाको गाउँपालिकास्तरीय रिंगरोड सडकको ट्र्याक खोल्न बाँकि खण्डहरुको ट्र्याक खोल्ने कार्यका लागि प्रदेश र संघीय सरकारसंग समन्वय गरिनेछ ।
- गाउँपालिकाले संचालन गर्ने विकास आयोजनाहरुको मर्मत सम्भार कार्यका लागि आयोजनाको रकमबाट १% रकम मर्मत सम्भारकोषमा जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्रका टोल तथा वस्तीहरुको बिचमा रहेको गोरेटो भित्रि बाटोहरुलाई प्राथमिकता दिई ढलान तथा सिंढी निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँ तथा वस्तीका मुख्य चोक, बजार, मूल सडकमा सोलार लाईट जडान कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्रका नदि, खोला तथा खहरेहरुको आवश्यक ठाउँमा झोलुंगे पुल निर्माण गर्न संघीय सरकार संघ पहल गरिनेछ । गाउँपालिकाभित्र निर्माण भएका सबै झोलुंगे पुलहरूमा पुल हेरालुको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- निर्मित सामुदायिक भवन, स्वास्थ्य संस्था भवन, विद्यालय र वडा कार्यालयहरुको जग्गा तथा भवन संरक्षण गर्न मर्मत सम्भार र घेराबारको व्यवस्थापन गरिनेछ ।
- निर्माण भएका पक्कि नाली, सडक तथा संरचनाहरुको मर्मत सुधार गर्नका लागि आवश्यक व्यवस्थापन गरिनेछ ।
- गाउँपालिकाभित्र नयाँ घर तथा संरचना निर्माण गर्दा नक्सा पास गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ । स्वीकृत भवन मापदण्डको पालना गरी सुरक्षित र गुणस्तरीय निर्माण गराइनेछ ।

- सामुदायिक विद्युतीकरण भएका क्षेत्रमा विद्युत सम्बन्धी समस्या समाधान गर्न पहल गरिनेछ। केन्द्रीय विद्युत प्रसारण लाइन विस्तारको क्रममा स्थानीयस्तरमा देखिएको समस्याको समाधानको लागि समबन्धित निकायसँग आवश्यक पहल गरिनेछ। सामुदायिक एवं निजि स्तरबाट संचालित विद्युतीकरणमा देखिएका समस्यालाई निराकरण गर्न केन्द्रीय बिद्युत प्रसारणतर्फ जोड दिइनेछ।

## त. वातावरण तथा विपद व्यवस्थापन

- खोला एवम नदीजन्य पदार्थको उत्खनन र प्रयोग कानुन बमोजिम मात्र गरिनेछ। गाउँपालिका भित्र रहेका नदि खोला, खोल्साहरुको आवश्यक ठाउँमा तटबन्द निर्माण गर्ने, पहिरो नियन्त्रण गर्ने, भू तथा जलाधार संरक्षणका कार्यहरु गरिनेछ।
- गाउँपालिकामा विपद तथा प्राकृतिक प्रकोपबाट सिर्जना हुन सक्ने समस्याको रोकथाम, पूर्वतयारी र प्रतिकार्यको कामलाई प्रभावकारी बनाउन गाउँपालिका स्तरीय विपद व्यवस्थापन समिति, वडा स्तरीय विपद व्यवस्थापन समिति, नेपाल प्रहरी, रेडक्रस, स्काउट र विभिन्न सामुदायिक संस्थाहरु बीच सहकार्य र समन्वय गरिनेछ।
- शहर देखि गाउँसम्म ग्यास चुलोको प्रयोग बढ्दै गईरहेको अवस्थामा स्थानीय स्रोत दाउराको खपत गर्न र स्थानिय खर्च घटाउन सुधारिएको चुलो व्यवस्थापन तथा अनुदानमा विद्युतीय चुलो उपलब्ध गराउन विभिन्न संघ संस्थाहरुको समन्वय र सहकार्यमा कार्य गरिनेछ।
- विपदजन्य घटनाहरुको रोकथाम र बच्नेउपायको सम्बन्धमा सुरक्षा निकायको सहकार्यमा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
- विपद व्यवस्थापन कोष संचालन कार्यविधि वमोजिम कोषमा रकम जम्मा गरी रकमको उचित सदुपयोग गरिनेछ।
- विपदजन्य घटनाबाट पिडित नागरिकहरुलाई उचित राहत तथा पुनर्स्थापनाको व्यवस्था गरिनेछ।
- गाउँपालिकामा जोखिममा रहेका बस्तीहरुको पहिचान गर्दै तिनीहरुको संरक्षण र स्थानान्तरण गर्नमा पहल गरिनेछ।

## थ. संगठन तथा प्रशासन ,सुशासन,पारदर्शिता /सेवा प्रवाह

- गाउँपालिका एवम वडा कार्यालयबाट प्रवाह हुने सेवालाई छिटो, छरितो, प्रविधिमैत्री र पारदर्शी बनाउँदै लगिनेछ। बिकास निर्माण र सेवा प्रवाहमा पारदर्शिताको प्रवर्धन गरिनेछ। महालेखा परीक्षकको प्रतिवेदनले औंल्यायका बेरुजुलाई न्यूनीकरण गर्दै नियमित गर्नुपर्ने प्रकृतिका बेरुजुलाई नियमित गराउने र असुल गर्नुपर्ने बेरुजुलाई असुल गरी वित्तीय सुशासन लाई जोड दिइनेछ।
- गाउँपालिका एवं वडा कार्यालयबाट संचालित हुने योजनाहरुलाई प्रतिफलयुक्त बनाउन टुक्रे योजनाहरु नबनाई उत्पादनमुलक, छिटो प्रतिफल प्राप्त हुने, दिगोपन हुने र सहभागितामुलक योजना तर्जुमालाई प्राथमिकता दिइनेछ।
- गाउँपालिका एवं वडा कार्यालय र अन्य बिषयगत कार्यालयहरुमा कर्मचारीको मनोबल उच्च राख्न कर्मचारीको क्षमता बिकास तालिम, पुरस्कार, र प्रोत्साहन भत्ताको व्यवस्था मिलाइनेछ।
- वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरू तथा गाउँपालिकाको मातहतमा रहेका सम्पूर्ण कर्मचारीहरूलाई विद्युतीय हाजिरी (E-Attendance) प्रणालीको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिनेछ।
- वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई प्रविधिमैत्री सीप विकास गरी, अनलाइन अभिलेखीकरण तथा अनलाइन मध्यमबाट प्रत्येक महिना शाखा, इकाई तथा वडा कार्यालयबाट मासिक प्रतिवेदन तयार गरी वेवसाइट मार्फत प्रकाशन गरिनेछ।

- विद्यालयका बालबालिकामा सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप तथा नवप्रवर्तनात्मक सोचको विकासका लागि विद्यालयस्तर अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।
- वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयमा संचालन हुने इमेलहरु नेपाल सरकारको आधारिक Centralized Email सिस्टममा आवद्ध भई आर्थिक वर्षको सुरुवातबाट नै संचालनमा ल्याइनेछ।
- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली Local Governance Performance Assessment System (LGPAS) लाई थप प्रभावकारी, पारदर्शी तथा उत्तरदायी बनाउन गाउँपालिकाको वेवसाइट तथा अन्य विद्युतीय सूचना प्रणालीहरूको नियमित सञ्चालन, व्यवस्थापन, अनुगमन तथा अद्यावधिक (Update) कार्यलाई व्यवस्थित गरिनेछ साथै यस्ता प्रणालीहरूको प्रभावकारी प्रयोग सुनिश्चित गर्न र कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक सूचना प्रविधि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाका सूचना, नीति, योजना, कार्यक्रम, बजेट, ऐन प्रतिवेदन लगायतका महत्वपूर्ण जानकारीलाई वेवसाइट र गाउँपालिकाको आधिकारिक सामाजिक संजालको माध्यमबाट पारदर्शी रुपमा प्रकाशित गरिनेछ।
- गाउँपालिकाका सम्पूर्ण प्रशासनिक तथा सेवा प्रवाह प्रणालीलाई क्रमशः डिजिटल प्रविधिमा आधारित बनाउने प्रयास गरिनेछ।
- विद्युतीय सुशासन (E-Governance) को प्रवर्द्धन गरी सेवा प्रवाहलाई सरल, छरितो, पारदर्शी तथा प्रभावकारी बनाइनेछ।
- गाउँपालिका तथा वडा कार्यालयहरूमा इन्टरनेट, नेटवर्किङ तथा सूचना प्रविधि पूर्वाधारको विस्तार र स्तरोन्नति गरिनेछ।
- डिजिटल अभिलेख व्यवस्थापन प्रणाली लागू गरी कार्यालयका महत्त्वपूर्ण कागजात तथा तथ्याङ्कको सुरक्षित संरक्षण गरिनेछ।
- नागरिकले प्राप्त गर्ने सेवाहरूलाई क्रमशः अनलाइन माध्यमबाट उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
- गाउँपालिकाको आधिकारिक वेबसाइट, मोबाइल एप तथा सामाजिक सञ्जालमार्फत सूचना प्रवाहलाई थप प्रभावकारी बनाइनेछ।
- सूचना प्रविधिको माध्यमबाट गुनासो व्यवस्थापन, सुझाव संकलन तथा नागरिक सहभागिता अभिवृद्धि गर्नको लागि Whattsapp बाट प्रत्यक्ष सम्पर्क गर्न सकिने व्यवस्था गरिनेछ।
- डिजिटल प्रोफाइल तथा एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण गरी तथ्यमा आधारित योजना निर्माणलाई प्रोत्साहन गरिनेछ।
- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट हालै संकलन भैरहेको गरिब घरपरिवार पहिचान सर्भेबाट प्राप्त डाटाहरुको Analysis पश्चात गरिब घरपरिवारलाई राज्यसुविधा परिचयपत्र वितरण चाडै नै गरिनेछ।
- गाउँपालिकाको मुख्य बजार तथा बस्ति क्षेत्र आरुघाट, आरुटार, आर्खेतमा इन्टरनेट सेवा प्रदायक संगको समन्वयमा फ्रि.वाई फाई को व्यवस्था सुरुवात गरिनेछ।
- गाउँपालिकामा सुशासन कायम राख्न आवश्यक ऐन, नियम, कानुन, कार्यविधि बनाई न्यायिक समितिको क्षेत्र अधिकार भित्र रहेको कामकारबाहीलाई न्यायोचित र प्रभावकारी ढंगबाट अगाडी बढाइनेछ।

- गाउँपालिका भित्रका कर्मचारीहरुलाई स्ट्रेस म्यानेजमेन्ट, क्षमता विकास, नेतृत्व विकास र सकारात्मक सोच, अन्य स्थानीय तहहरुको असल अभ्यासहरुको स्थलगत अध्ययन अवलोकन भ्रमण लगाएतको व्यवस्था गरिनेछ।
- आरुघाट गाउँपालिकाको आरुघाट बजार, आर्खेत बजार र सोती बजार लगाएतका क्षेत्रहरुमा जडान गरिएको सी.सी क्यामेरा मर्मत सम्भार गरी नियमित संचालनमा ल्याइनेछ।
- गाउँपालिका भित्र उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको प्रभावकारिताको लागि उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना संचालन प्रक्रिया सम्बन्धमा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।
- आरुघाट गाउँपालिकाको दोस्रो आवधिक आयोजना तर्जुमा गरिनेछ।
- गाउँपालिकाबाट प्रदान गरिने आर्थिक तथा जिन्सी सहायताको विवरण त्रैमासिक रुपमा गाउँपालिकाको वेवसाइट तथा सामाजिक संजालबाट प्रकाशित गरिनेछ।
- गाउँपालिकाबाट हुने सेवा प्रवाह र विकास निर्माणका सम्बन्धमा नियमित रुपमा सार्वजनिक सुनुवाई गरिनेछ।
- मासिक रुपमा समिक्षा वैठक र त्रैमासिक रुपमा समिक्षा प्रतिवेदन पेश गर्ने कार्य गरिनेछ।

**आदरणीय सभाका सदस्यज्यूहरु,**

अन्त्यमा,"**सम्मुनत, खुसी र सुखी आरुघाट गाउँपालिकावासी**" भन्ने मुल नारा लाई स्थापित गर्न यो नीति तथा कार्यक्रमको महत्वपूर्ण योगदान रहने विश्वास लिएको छु। यो नीति तथा कार्यक्रम केवल कागजमा मात्र सिमित रहने छैन यसलाई व्यावहारमा कार्यन्वयन गरिनेछ। यसका लागि हामि सबै जनप्रतिनिधिहरु, कर्मचारी, निजि क्षेत्र, नागरिक समाज र सम्पुर्ण आरुघाट गाउँपालिकावासीको भुमिका र सहकार्य सहयोगको आवश्यकता रहनेछ।

हामी सबैको साझा प्रयासबाट मात्र समृद्ध आरुघाट गाउँपालिका निर्माण सम्भव छ।

यस नीति तथा कार्यक्रमलाई सफल बनाउन यहाँहरुको अमुल्य सुसझाव समर्थन र सहकार्यको अपेक्षा गर्दछु।

धन्यवाद !!

राजु गुरुङ

अध्यक्ष

आरुघाट गाउँपालिका